# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प.सं. ०७६/७७ प्र. ज. वि. शा.
च. नं. ४०८५

मिति २०७६/११/०८

विषयः निर्णयको प्रतिलिपि पठाइएको ।

श्री वडा कार्यालयहरु (सबै),
भरतपुर महानगरपालिका ।

भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७६/११/०७ गते बसेको बैठकबाट पारित निर्णयको प्रतिलिपि पाना– ३ (तीन) यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

०७६।११।०८
(राधा देवकोटा)
शाखा अधिकृत

बोधार्थः
श्रीमान् प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् उप-प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्री सूचना तथा संचार प्रविधि शाखा, भरतपुर महानगरपालिकाः उक्त निर्णय भरतपुर महानगरपालिकाको Website मा राख्ने व्यवस्था हुन ।
श्री महाशाखा/शाखा/ईकाई (सबै), भरतपुर महानगरपालिकाः आवश्यक कार्यार्थ ।

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको ३९ औं बैठकका निर्णयहरु
## (२०७६ फागुन ७ गते)

१. शिशु स्याहार केन्द्र (Montessori) को कार्यविधि, २०७६ माथि पेश भएको संशोधन प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

२. सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा १४ मा रहेको समितिमा कार्यपालिकाका सदस्यहरुमध्येबाट श्री पवित्रा के.सी. लाई मनोनयन गर्ने निर्णय गरियो ।

३. चालु आर्थिक वर्षका वडास्तरीय योजना सम्झौताको अन्तिम मिति २०७६ चैत्र १५ लाई कायम गर्ने र उक्त मिति पश्चात् बाँकी रहेको बजेट महानगरले आवश्यकता अनुसार खर्च गर्ने निर्णय गरियो ।

४. भूकम्प पीडितहरुलाई नक्सा पास गर्दा लाग्ने राजस्व छुट माग भएकोमा कल्पना डंगोलसमेत ७३ जनालाई राजस्व छुट दिने निर्णय गरियो ।

५. विद्युतीय सवारी चार्जिङ स्टेसन निर्माणका लागि आवश्यक पर्ने जग्गा महानगरपालिकाको वडा नम्बर ९ स्थित केन्द्रीय बस टर्मिनल परिसरको उपयुक्त स्थान छनौट गरी स्थापना गर्ने निर्णय गरियो ।

६. यातायात व्यवस्था सेवा कार्यालय भरतपुरको भवन निर्माणको लागि भरतपुर महानगरपालिका वडा नम्बर ११ को केभी लाइन पूर्वपट्टी र गणेशथानको पश्चिमपट्टीको जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

७. महानगर प्रमुख श्री रेनु दाहालको जापानको योकोसुका शहरमा मिति २०७६/११/२३ देखि ३० गतेसम्मको अवलोकन भ्रमण स्वीकृत गरियो । नगर प्रमुखका साथ सामाजिक विकास महाशाखा प्रमुख श्री प्रद्युम्न प्रसाद उपाध्यायलाई पठाउने निर्णय गरियो ।

८. दक्षिण कोरियाको जेजुमा मिति २०७६/१२/२५ देखि २९ सम्म आयोजना हुने दीगो विकाससम्बन्धी कार्यक्रममा महानगरको कृषि शाखा अधिकृत श्री विनोद लामिछाने, वडा नं. १५ का वडा अध्यक्ष श्री शम्भुबहादुर भण्डारी र वडा नम्बर २३ का वडाध्यक्ष श्री नरी नारायण पौडेललाई पठाउने गरी मनोनयन गर्ने निर्णय गरियो ।

९. महानगरको दैनिक सेवाप्रवाहमा प्रभावकारिता ल्याउनका लागि तपसिलका पदहरु करार सेवामार्फत पदपूर्ति गर्ने निर्णय गरियो:

क. रोजगार संयोजक

ख. आईटी अफिसर

ग. मेकानिकल सव-इन्जिनियर

१०. विविधः

- भरतपुरको पर्यटन प्रवर्द्धन गर्नका लागि भ्रमण वर्ष २०२० लाईसमेत मध्येनजर गर्दै २०७६ फागुन १० गते हुने भरतपुर– लुम्विनी कार न्याली सम्बन्धमा बैठकलाई जानकारी गराइयो ।
- महानगरभित्र सुर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने तथा आगामी डिसेम्बर १-३ सम्म अन्तर्राष्ट्रिय AP-CAT सम्मेलन भरतपुर महानगरमा आयोजना गर्ने सम्बन्धमा जानकारी गराउनुका साथै महानगर परिसर र अन्तरगतका निकायहरुमा सुर्तिजन्य पदार्थ सेवन नगर्ने सामुहिक प्रतिबद्धता जाहेर गरियो ।
- आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धमा तपसिल बमोजिम गर्ने निर्णय गरियोः

  नेपाल सरकारबाट यस महानगरपालिकालाई स्थानीय तहसंगको लागत सहभागितामा सबै वडाहरुमा न्यूनतम एक स्वास्थ्य संस्था स्थापना गरी प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराउने नीति बमोजिम गत आ.व.मा दुईवटा वडा (११ र २) र यस आ.व.मा नौवटा वडा (१,८,९,१२,१३,१७,२०,२४,२८) मा आधारभूत स्वास्थ्य सेवा केन्द्रको लागि बजेट प्राप्त भएकोमा स्वास्थ्य संस्था नभएका स्थानका साथै जग्गा उपलब्धता, आवश्यकता र सरोकारवालाको मागको आधारमा गत आ.व. र यस आ.व.बाट वडा नम्बर १,२,३,४,५,११,१२,१८,२०,२४,२८ गरी जम्मा ११ वटा वडामा उक्त आधारभूत स्वास्थ्य सेवाकेन्द्र स्थापना तथा संचालन गर्ने, साथै वडा नम्बर ५ स्थित तोरिखेत नगर स्वास्थ्य केन्द्र र वडा नम्बर २३ स्थित कसरा नगर स्वास्थ्य केन्द्र संचालन गर्ने । साथै, वडा नम्बर ७ मा आधारभूत स्वास्थ्य केन्द्र नेपाल सरकारसंग माग गर्ने । वडा नम्बर ९ र वडा नम्बर १३ मा जग्गा उपलब्ध भएसम्म आधारभूत स्वास्थ्य सेवा केन्द्र कै भवन निर्माण गर्ने ।
- गत आ. व. का भुक्तानी हुन बाँकी आयोजनाको म्याद आज मिति २०७६ फागुन ७ बाट समाप्त भएको जानकारी गराइयो ।आजसम्म निर्माण कार्य सम्पन्न भै प्राप्त विवरण बाहेकका अन्य आयोजनाहरुको बजेट रकम स्वतः फ्रीज हुने निर्णय गरियो ।
- महानगरबाट संघ संस्था तथा प्रतिष्ठानलाई तोकिएको सेटब्याक ५ मिटर भएकोमा साविकका विद्यालयलगायतका भवनहरु भूकम्पले क्षतिग्रत भै पुनर्निर्माण गर्नका लागि मापदण्ड नपुग्ने भएकोले

हाललाई साविक बमोजिम नै निर्माण गर्न दिने र अन्य देहायका संस्थागत भवन न्यूनतम ३ मिटर सेटब्याक छोडी नक्सा पास गरी निर्माण अनुमति पत्र दिने निर्णय गरियो । उक्त अनुसार पेश भएका वडा नं. ३ चमेलीदेवी मा. वि., वडा नं. २२ ओम शान्ति भवन, वडा नं. १२ भरतपुर बचत तथा ऋण सहकारी संस्था तथा वडा नं १२ आमाको मायाको छात्राबासको निर्माणका लागि महानगरबाट तोकिएको मापदण्डमा न्यूनतम ३ मी. सेटब्याक छोडी निर्माण गर्न स्वीकृती दिने निर्णय गरियो ।

- प्रदेशस्तरीय उद्योगग्राम निर्माणका लागि जग्गा व्यवस्था गर्ने सम्बन्धमा वडा नं २० को वडा कार्यालय संगै करिव ४ विगाहमा निर्माण गर्ने निर्णय गरियो ।
- महानगरमा निर्माण हुने १००० Sq. Ft भन्दा तलको क्षेत्रफलका भवनहरुको डिजाइन एवं नक्सा निर्माण कार्य महानगर कार्यालयबाट नै गर्ने तथा दस्तुर निर्धारण लगायतका तयारीका कार्यसमेत गर्ने निर्णय गरियो । तत्सम्बन्धमा बुटवल, पोखरा तथा हेटौंडा लगायतका स्थानीय तहको अनुभव लिई अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।
- महानगरपालिकाको राजस्व लक्ष्य प्रास गर्नका लागि महानगर र वडा कार्यालयको सहकार्यमा राजस्व संकलनको लागि टोली गठन एवं परिचालन गर्ने निर्णय गरियो ।उक्त टोलिमा संवन्धित वडाका वडा सदस्य, महानगरपालिकावाट १ जना कर्मचारी र १ जना नगर प्रहरी सम्मिलित टोलि गठन गर्ने तथा उक्त टोलिलाई यातायात खर्च वापत प्रति दिन प्रति व्यक्ति रु २००/- उपलव्ध गराउने समेत निर्णय गरीयो ।
- महानगर क्षेत्रमा फूटपाथ व्यवस्थापन लगायतका कार्यको लागि महिला प्रहरीको न्यूनतालाई ध्यानमा राख्दै हालै महानगरबाट गरिएको नगर प्रहरी भर्ना छनौटको वैकल्पिक सूचीमा परेका महिला उम्मेदवारसँग नियमानुसार सेवा करार संझौता गरी कामकाजमा लगाउने निर्णय गरियो ।
- चालु आर्थिक वर्षभित्र बालश्रममुक्त तथा बालमैत्री वडा घोषणाको लागि तपसिल बमोजिमका वडाहरुबाट प्रतिवद्धता अनुसार तोकिएको मितिमा बालश्रममुक्त तथा बालमैत्री वडा घोषणाको लागि महानगरपालिका र अन्य निकायबाट सहयोग गर्ने निर्णय गरियो ।

वडा नं २, ५, ७, ८, ११, १३, १५, १६, २१, २२, २३ २५, २६

२०७६/११/८